श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४६ सालको ऐन नं. १३

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### वन ऐन, २०१८ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः वन ऐन, २०१८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "वन (तेस्रो संशोधन) ऐन, २०४६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. वन ऐन, २०१८ को दफा १५ मा संशोधनः वन ऐन, २०१८ (यसपछि "मूल ऐन" भनिएको) को दफा १५ को उपदफा (१) को सट्टा देहायको उप-दफा (१) राखिएको छः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२०३

"(१) दफा ३ क., दफा ५, दफा ६ र दफा १३ को प्रयोजनको लागि प्रत्येक जिल्लामा देहायका सदस्यहरू रहेको एक समिति रहनेछः–

(क) प्रमुख जिल्ला अधिकारी — — — — अध्यक्ष

(ख) जिल्ला न्यायाधीश — — — — सदस्य

(ग) जिल्ला वन अधिकृत — — — — सदस्य"

३. मूल ऐनको दफा २६ मा संशोधनः मूल ऐनको दफा २६ को सट्टा देहायको दफा २६ राखिएको छः–

"२६. नियम बनाउने अधिकारः श्री ५ को सरकारले देहायका कुराहरूको व्यवस्था मिलाउन नियम बनाउन सक्नेछः–

(क) सरकारी वन व्यवस्थापनसम्बन्धी कुराहरू,

(ख) सरकारी वनबाट वन पैदावार बिक्री गर्ने शर्त, तरिका र अधिकारी तोक्ने,

(ग) सरकारी वनबाट जनताको व्यवहारका लागि रूख, काठ इत्यादि दिने शर्त, तरिका, अधिकारी र दस्तूर तोक्ने,

(घ) सरकारी वनमा चौपाया चराउन दिने शर्त, तरिका, अधिकारी र दस्तूर तोक्ने ।"

४. मूल ऐनको दफा २७ मा संशोधनः मूल ऐनको दफा २७ को,–

(१) उपदफा (१) को खण्ड (छ) पछि देहायको खण्ड (ज) थपिएको छः–

"(ज) दफा ३४ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम हक नपुग्ने रूख काट्ने ।"

(२) उपदफा (२) को खण्ड (घ) मा रहेका "खण्ड (घ), (ङ), (च) वा (छ)" भन्ने शब्दहरूको सट्टा "खण्ड (घ), (ङ), (च), (छ) वा (ज)" भन्ने शब्दहरू राखिएका छन् ।

५. रूपान्तरः मूल ऐन तथा अन्य प्रचलित नेपाल कानूनमा प्रयोग भएका "जिल्ला वन नियन्त्रक" भन्ने शब्दहरूको सट्टा "जिल्ला वन अधिकृत" भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ ।

आज्ञाले,

ईश्वरबहादुर श्रेष्ठ

श्री ५ को सरकारको सचिव

लालमोहर सदर मितिः– २०४६।६।११।४



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

290